प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुर

## प्राविधिक एस.एल.सी. तहको (१५+३) अवधिका कार्यक्रममा परीक्षा आवेदन फाराम भर्ने बारे जरूरी सूचना ।।।

(प्रकाशित मितिः २०७६।०५।२२ गते)

यस परिषद् बाट सम्बन्धन/स्वीकृत प्राप्त गरी निजी स्तरमा, परिषद्को आंङ्गिक रुपमा तथा साधारण माध्यामिक विद्यालयहरुमा (TECS) कार्यक्रमको रुपमा विभिन्न विषयमा तालीम कार्यक्रम संचालन गर्ने सम्पुर्ण शिक्षण संस्थाहरुले नियमित तथा आंशिक प्रशिक्षार्थीहरूको लागि २०७६ साल कार्तिक/मंसीर महिनामा संचालन हुने परीक्षामा सम्मिलित हुन सम्बन्धित प्रशिक्षार्थीहरुबाट परीक्षा आवेदन फाराम भराई तपशिलको शर्त नं १४ अनुसार तोकिएको मिति भित्र र तपशिलको शर्त नं ५ मा उल्लेख गरिए बमोजिमको परीक्षा शूल्क वुझाएको वैंक भौचरको प्रति आवेदन फारामका साथ अनिवार्य रुपमा बुझाउन हुन सम्बन्धित सवै शिक्षण संस्था एवं प्रशिक्षार्थीहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तपशिलका शर्तहरू पूरा नभएका र तोकिएको समय भित्र फाराम नबुझाउने प्रशिक्षार्थीहरूलाई परीक्षामा सम्मिलित गराउन नसकिने व्यहोरा समेत सूचित गरिन्छ ।

### परीक्षा संचालन हुने कार्यक्रम तथा समूहहरु :-

- **शैक्षिक शत्र २०७५/०७६** मा रजिष्ट्रेशन भई प्रा.एस.एल.सी. तहका कार्यक्रम अन्तर्गत प्रशिक्षण पुरा गरेका (१५+३) महिना अवधिका सम्पूर्ण नियमित समूहरु : ***(SURVEY ENGINEERING, AUTOMOBILE ENGINEERING, AYURVEDA, AUXILIARY NURSING MIDWIFERY (ANM), COMMUNITY MEDICINE ASSISTANT (CMA), COMMUNITY AMCHI ASSISTANT)***
- शैक्षिक शत्र २०७१/०७२ मा रजिष्ट्रेशन भएदेखिका प्रा.एस.एल.सी अन्तर्गत संञ्चालीत २९ महिने अवधिको प्रशिक्षण लिएका माथि उल्लेखित सम्पुर्ण कार्यक्रमका दोस्रो वर्षका आंशिक समूहहरु ।
- शैक्षिक शत्र २०७२/०७३ मा रजिष्ट्रेशन भएदेखिका प्रा.एस.एल.सी अन्तर्गत संञ्चालीत २९ महिने अवधिको प्रशिक्षण लिएका माथि उल्लेखित सम्पुर्ण कार्यक्रमका प्रथम वर्षका आंशिक समूहहरु ।
- शैक्षिक शत्र २०७२/०७३ मा रजिष्ट्रेशन भए देखिका प्रा.एस.एल.सी अन्तर्गत संञ्चालीत १५/१८ महिने (१५+३) अवधिको प्रशिक्षण लिएका माथि उल्लेखित सम्पुर्ण कार्यक्रमका आंशिक समूहहरु ।

### *शर्तहरू :-*

१. सम्वन्धित शिक्षण संस्थाले प्रशिक्षार्थीको परीक्षा आवेदन फाराम र प्रवेश पत्रमा उल्लेखित विवरण भराईसकेपछि नियमित प्रशिक्षर्थीको हकमा परीक्षा आवेदन फारामका साथ रजिष्ट्रेशन अर्धकट्टीको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । अन्यथा परीक्षा आवेदन फाराम बुझिने छैन ।

२. परीक्षा नियन्त्रण कार्यालयबाट (CTEVT को वेवसाईट www.ctevt.org.np) उपलब्ध गराइएको समष्टिगत (Triplicate ) फाराममा प्रशिक्षार्थीले परीक्षा दिने विषयको विवरणका साथै अध्ययन गरेका विषयहरु सैद्धान्तिक र प्रयोगात्मक विषयको तोकिएको कोलुममा अध्ययन गरेका विषयमा (√) र अध्ययन नगरेको विषयमा (×) चिन्ह प्रयोग गर्नुपर्नेछ । साथै प्रशिक्षार्थीको नाम थर(Alphabetic order मा) भरी समष्टिगत (Triplicate) फारामको एक एक प्रति *Soft Copy (CD, MS-WORD)* र *Hard Copy (Printed Copy)* परीक्षा आवेदन फारामसाथ अनिवार्य रुपमा संलग्न हुनुपर्नेछ अन्यथा फाराम बुझिने छैन ।

३. प्रशिक्षार्थीहरुको समष्टिगत फाराम तथा आन्तरीक मूल्याङ्कन फाराम भर्दा प्रशिक्षार्थीको रजिष्ट्रेशन नम्वरको क्रमानुक्रम (Ascending Order) अनुसार एकै किसिमले तयार पारी एक एक प्रमाणित प्रति *Soft Copy (CD, MS-Excel –2007)* र *Hard Copy (Printed Copy)* परीक्षा आवेदन फाराम साथ अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ र उक्त आन्तरीक मूल्याङ्कन सिट तथा *Soft Copy* परिषदको प्रदेश कार्यालयहरुमा वुझाउनुपर्ने छ ।

४. नियमित प्रशिक्षार्थीहरूको हकमा ९०% हाजिरी भएका र आन्तरीक मूल्याङ्कन सिटमा सबै विषयमा उत्तीर्ण भई योग्य भएका प्रशिक्षार्थीहरूलाई मात्र अन्तिम परीक्षामा सम्मिलित गराइने छ । अन्यथा आन्तरीक मूल्याङ्कन सिटमा अनुत्तीर्ण भएका प्रशिक्षार्थीहरुलाई अन्तिम परिक्षामा सम्मिलित गराएमा त्यस्ता प्रशिक्षार्थीहरुको सम्बन्धित विषयको परीक्षा स्वतः रद्द हुनेछ । आन्तरीक मुल्यांकन सिटमा सम्वन्धित विषय शिक्षक र प्राचार्यको हस्ताक्षर अनिवार्य रुपमा भएको हुनुपर्ने छ ।

५. ***परीक्षा शूल्क*** :-निजि रुपमा कार्यक्रम संचलन गरेका शिक्षण संस्थाको लागि नियमित प्रशिक्षार्थीको प्रति प्रशिक्षार्थी रु.२०००।- (अक्षरेपी दुई हजार मात्र) (परीक्षा शुल्क रु.१७००।- र कार्यगत मूल्याङ्कन *(OJT)* रु. ३००) र आंशिक प्रशिक्षार्थीको हकमा प्रति फाराम (एक विषय समेतको लागि) शूल्क वापत रु. २००।-(दुई सय) र थप विषय रु. १५०।- (एक सय पचास) का दरले तथा परिषद्का आंगिक तथा TECS कार्यक्रम संचालन गर्ने विद्यालयहरुको नियमित प्रशिक्षार्थीको हकमा प्रति प्रशिक्षार्थी रु. ५००।- (अक्षरेपी पांच सय मात्र) र आंशिक प्रशिक्षार्थीको हकमा प्रति फाराम (एक विषय समेतको लागि) शूल्क वापत रु. २००।- (दुई सय) र प्रति थप विषय रु. १५०।- (एक सय पचास ) का दरले लाग्ने थप रकम समेत गरी
**प्रदेश नं १ को कार्यालय**, ईटहरी, सुनसरीको रा.वा. बैङ्क, इटहरी शाखाको च.हि.नं २५५०००१२७८०१,
**प्रदेश नं २ को कार्यालय** जनकपुर, धनुषाको रा.वा. बैङ्क, जनकपुर शाखाको च.हि.नं १२२०००६७०३०१,
**प्रदेश नं ३ को कार्यालय**, मकवानपुर, हेटौंडाको रा.वा. बैङ्क हेटौडा शाखाको च.हि.नं १३००००३६६९०१,
**गण्डकी प्रदेशको कार्यालय**, पोखरा, कास्कीको रा.वा. बैङ्क पार्दी, पोखरा शाखाको च.हि.नं ३५०००००२३४०१,
**प्रदेश नं ५ को कार्यालय** वुटवलको रा.वा. बैङ्क, वुटवल शाखाको च.हि.नं ३३६००००३६१०१,
**कर्णाली प्रदेशको कार्यालय**, विरेन्द्रनगर, सुर्खेतको रा.वा.वैक विरेन्द्रनगर, सुर्खेत शाखाको च.हि.न ४०८००१५५२८०१ र
**सूदुरपश्चिम प्रदेशको कार्यालय**, धनगढी, कैलालीको रा.वा. बैङ्क, धनगढी शाखाको च.हि.नं ४१७०००६५०८०१ मा दाखिला हुनेगरी खिचिएको वैंक भौचर परीक्षा आवेदन फाराम साथ संलग्न राखि सम्वन्धित परिषद्का प्रदेश कार्यालयहरुमा तोकिएको मिति मा फाराम वुझाउनुपर्नेछ । भौचरको पछाडी पट्टी शिक्षण संस्थाको नाम, ठेगाना र प्रयोजन स्पष्ट रुपमा अनिवार्य उल्लेख गर्नु पर्नेछ ।

६. नियमित तर्फका प्रशिक्षार्थीहरूको हकमा सेतो र•को पेपरमा परीक्षा आवेदन फाराम र प्रवेश पत्र (CTEVT को वेवसाईट www.ctevt.org.np वाट डाउनलोड ) तथा आंशिक तर्फका प्रशिक्षार्थीहरुको हकमा पहेंलो रङ्गको पेपर प्रयोग गरि परीक्षा आवेदन फाराम र प्रवेश पत्र प्रिन्ट (CTEVT को वेवसाईट www.ctevt.org.np वाट डाउनलोड) गरि प्रत्येक प्रशिक्षार्थीलाई सम्वन्धित शिक्षण संस्थाले भराउनु पर्नेछ । प्रत्येक परीक्षा आवेदन फाराम र प्रवेश पत्रमा सम्वन्धित प्रशिक्षार्थीको एक एक प्रति पासपोर्ट साइजको फोटो टांस गरि सम्वन्धित शिक्षण संस्थाले सम्वन्धित प्रशिक्षार्थीहरुको परीक्षा आवेदन फाराम र प्रवेश पत्र भराइ तोकेको मिति भित्र परीक्षा आवेदन फाराम बुझाउनु पर्नेछ । साथै कुनै संस्था बन्द गरिएको भए उक्त संस्थाले अख्तियार गरेको संस्था मार्फत आवेदन फाराम बुझाउनु पर्नेछ । प्रशिक्षार्थीहरुबाट व्यक्तिगत रुपमा बुझाउन ल्याउने परीक्षा फाराम सम्वन्धित परिषद्का प्रदेश कार्यालयहरुमा दर्ता हुने छैन ।

७. सम्वन्धित शिक्षण संस्थाहरुले नियमित तथा आंशिक तर्फका प्रशिक्षार्थीहरुको एकएक प्रति परीक्षा आवेदन फाराम र प्रवेश पत्र भराइसके पछि सम्वन्धित शिक्षण संस्थालाई नियमित तथा आंशिक तर्फ सम्वन्धित परिषद् प्रदेश कार्यालयहरुले उपलब्ध गराएको (CTEVT को वेवसाईट www.ctevt.org.np मा राखिएको) परिक्षा सिम्वल नंम्वर सम्वन्धित शिक्षण संस्था स्वयंले रातो मसी प्रयोग गरि नम्वरीङ मेसिनवाट प्रष्टसंग देखिने गरि तोकिएको परीक्षा सिम्वल नम्वर प्रत्येक प्रशिक्षार्थीको एकएक प्रति परीक्षा आवेदन फाराम र प्रवेश पत्रमा राख्नुपर्ने छ ।

८. शैक्षिक सत्र २०७२/०७३ भन्दा पहिले रजिष्ट्रेशन भई १५/१८ (१५+३)महिने अवधिको प्रशिक्षण लिईएका प्रशिक्षार्थीहरुको फाराम संग्लन गराईएको भेटिएमा त्यस्ता फारामहरु स्वतः रद्द हुनेछ, यस्ता फाराम संग्लन गराई पठाउने शिक्षण संस्थालाई परिषद्को ऐन, नियम तथा विनियम बमोजिम कारवाही हुनेछ ।

९. शिक्षण संस्थाहरुबाट विषयगत नियमित तथा आंशिक परीक्षार्थीहरुको आवेदन फाराम प्रत्येक शैक्षिक शत्र अनुसार छुट्टाछुट्टै फाइल खडा गरी छुट्टा छुट्टै रकम बुझाएको रसिद संलग्न गरी सम्वन्धित परिषद् प्रदेश कार्यालयहरुमा दर्ता गर्नु पर्नेछ ।

१०. आंशिक प्रशिक्षार्थीहरुको हकमा परीक्षा नियन्त्रण कार्यालयले संचालन गरेको अघिल्लो परीक्षाबाट प्राप्त लब्धाङ्क पत्रको प्रतिलिपि परीक्षा अवेदन फारामसाथ अनिवार्य रुपमा संलग्न हुनु पर्नेछ साथै अनुत्तीर्ण प्रशिक्षार्थीहरुले फाराम भर्दा *OJT* तथा प्रयोगात्मक विषय समेत अनिवार्य रुपमा उल्लेख गरेको हुनु पर्नेछ ।

११. उल्लेखित शर्त पूरा नभएका र तोकिएको समय पछि प्राप्त परीक्षा आवेदन फाराम उपर कुनै कारवाही गरिने छैन, त्यसको जवाफदेही परिषद् प.नि.का. तथा प्रदेश कार्यालयहरु हुने छैन ।

१२. कुनै पनि शिक्षण संस्थाले रजिष्ट्रेशन नभएका प्रशिक्षार्थीहरुको परीक्षा आवेदन फाराम नियतवस समावेश गराई यदि प्रशिक्षार्थीहरुले परीक्षा दिएमा त्यस्ता परीक्षार्थीहरुको परीक्षा नजिता स्वतः रद्ध हुने छ र त्यस्ता शिक्षण संस्थालाई परिषद्को ऐन, नियम तथा विनियम बमोजिम कारवाही हुनेछ ।

१३. परीक्षा आवेदन फाराम भर्दा केरमेट, टिपेक्स लगाएको पाइएमा परीक्षा आवेदन फाराम बुझिने छैन ।

१४. **प्रशिक्षार्थीहरुको लागि सम्वन्धित शिक्षण संस्थामा परीक्षा आवेदन फाराम वुझाउने अन्तिम मितिः**
नियमित शुल्कको हकमा : **मिति २०७६ भाद्र २२ गते देखी २०७६ आश्विन १० गते भित्र ।**
विलम्ब शुल्कको हकमा : **मिति २०७६ आश्विन ११ गते देखी २०७६ आश्विन ३० गते भित्र ।**
**शिक्षण संस्थाहरुको लागि तोकिएको स्थानमा परीक्षा आवेदन फाराम वुझाउने अन्तिम मितिः**
नियमित शुल्कको हकमा (रकम दाखिला गरेको बैंक भौचर सहित) : **२०७६ आश्विन ११ गते भित्र ।**
विलम्व शुल्कको हकमा (रकम दाखिला गरेको बैंक भौचर सहित) : **२०७६ कार्तिक १ गते भित्र ।**
**(विलम्व शुल्क भन्नाले नियमित शुल्कको (कार्यगत शुल्क वाहेक) दोब्बर शुल्क भन्ने वुझ्नुपर्ने छ ।)**

१५. हुलाक, कुरीयर मार्फत पठाउने परीक्षा आवेदन फाराम समेत तोकिएको समय भित्र सम्वन्धित परिषद्, प्रदेश कार्यालयहरुमा दर्ता नभएमा परीक्षा आवेदन फाराम स्वीकृत गरिने छैन । त्यसको जवाफदेयी सम्वन्धित शिक्षण संस्था एवं संस्थाका प्राचार्य हुनपर्नेछ ।

१६. प्रवेश पत्र सम्वन्धित शिक्षण संस्थाले परीक्षा सुरु हुने एक हप्ता अगावै परिषद्का सम्वन्धित प्रदेश कार्यालयहरुबाट बुझि लैजानु पर्नेछ । प्रवेश पत्र विना परीक्षामा सामेल गराइने छैन ।

१७. अन्य जानकारीको लागि परिषद्का सम्वन्धित प्रदेश कार्यालयहरुमा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।

**नोटः यो सूचना CTEVT को वेभसाईट** www.ctevt.org.np **मा पनि हेर्न सकिने छ ।**

**परीक्षा नियन्त्रक**